# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, श्रावण ०१ गते, २०८३ साल (अतिरिक्ताङ्क २५

## भाग २

कोशी प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपालको सूचना

## म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

कोशी प्रदेशभित्रका विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म अध्ययनरत किशोर किशोरीलाई शैक्षिक सचेतना सहितको प्रोत्साहन प्रदान गर्दै लागु औषध, साईवर सुरक्षा, सामाजिक सञ्जालको सही प्रयोग तथा विपद् व्यवस्थापन जस्ता कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने वातावरणको सिर्जना गरी सभ्य समाज निर्माणका लागि त्यस्ता किशोर किशोरीलाई "म अघि बढ्छु" भन्ने भावनाको विकास गर्न र नैतिक, चरित्रवान, जिम्मेवार र असल नागरिकका रुपमा समाजमा स्थापित गर्न आवश्यक संरचनागत व्यवस्था गरी कार्यक्रम सञ्चालनका लागि कानुनी प्रबन्ध गर्न आवश्यक भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयको अधिकार क्षेत्रभित्र रही कार्यक्रम सञ्चालन गर्नका लागि **"म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"** प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"एकाई"** भन्नाले "म अघि बढ्छु कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिको दफा १० बमोजिम रहने एकाईलाई सम्झनु पर्छ।

(ख) **"कार्यविधि"** भन्नाले "म अघि बढ्छु कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) **"किशोर किशोरी"** भन्नाले कोशी प्रदेशमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा पढ्ने कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई सम्झनु पर्छ।

(घ) **"सगरमाथा टिन्स क्लब (एसटीसी)"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरूको क्लबलाई जनाउँछ। सो शब्दले SAGARMATHA TEENS CLUB (STC) लाई जनाउँछ।

(ङ) **"सामाजिक कार्य"** भन्नाले म अघि बढ्छु कार्यक्रम अन्तर्गत सञ्चालन गरिने गाउँघर, विद्यालय, घर वरपर तथा वातावरणीय सरसफाइ, वातावरण संरक्षण, वृक्षारोपण, प्रकोपका वेला सहयोग, लागु पदार्थ दुर्व्यसन विरुद्धको अभियानहरू, सामाजिक कुरीति विरुद्धमा अभियानहरू, लैंगिक हिंसा विरुद्धका अभियान, सकारात्मक सोच विकास गर्ने खालका अभियान, ट्राफिक सचेतना लगायतका कार्यलाई जनाउँछ र सो शब्दले कोशी प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम तथा बजेटले निर्धारण गरेका कार्य समेतलाई सम्झनु पर्छ।

(च) **"लागु औषध"** भन्नाले लागु औषध ऐन, २०३३ को दफा २ तथा प्रचलित कानूनले परिभाषित गरेका लागू औषध सम्झनु पर्छ।

(छ) **"लागु औषध प्रयोगकर्ता"** भन्नाले स्वीकृति प्राप्त चिकित्सकको सिफारिस अनुसारको मात्रा र परिमाणभन्दा बढी वा विना सिफारिस लागु औषध सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ज) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) लाई सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) **"स्थानीय तह"** भन्नाले कोशी प्रदेशभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

परिच्छेद-२

<u>कार्यविधिको उद्देश्य, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन</u>

३. **<u>कार्यक्रमको उद्देश्य:</u>** कोशी प्रदेशभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म अध्ययनरत किशोर किशोरीलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) सचेतना तथा जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) लागु औषधको प्रयोगलाई न्यूनीकरण गर्ने,

(ग) नैतिक जिम्मेवार तथा सामाजिक दायित्त्व निर्वाह गर्न सक्ने नागरिक तयार गर्न आधार बनाउने,

(घ) लागु औषध रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने अन्य निकाय बिच तादात्म्यता कायम गर्ने,

(ङ) किशोर किशोरीलाई वातावरण संरक्षण, प्रकोप व्यवस्थापन तथा नैतिक दायित्त्व प्रति जिम्मेवार बनाई सभ्य नागरिक बन्न उत्प्रेरणा जगाउने,

(च) लागु औषध विरुद्धको अभियानमा आम संचार माध्यमलाई परिचालन गर्ने तथा सो सम्बन्धी सूचना प्रवाहमा व्यापकता ल्याउने,

(छ) लागु औषधको नियन्त्रण, प्रकोप व्यवस्थापन कार्यमा सहकार्यका लागि स्थानीय समूह बनाई व्यापक युवा सहभागिता प्रवर्द्धन गर्ने,

(ज) यूवा उद्यमी बन्न उत्प्रेरणा जगाउन किशोर किशोरीको सहभागितामा सगरमाथा टिन्स क्लब (एसटीसी) गठन गरी त्यसको क्षमता विकास गर्ने,

(झ) लागु पदार्थ दुर्व्यसन निराकरण, प्रकोप व्यवस्थापन तथा नैतिक शिक्षा सम्बन्धी अभियानमा सहजीकरण गर्न जनशक्ति तयार गर्ने,

(ञ) साईबर सुरक्षा, सामाजिक सञ्जालको सहि प्रयोग सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ट) बाल विवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४. <u>कार्यक्रम तथा क्रियाकलाप सञ्चालन:</u> दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि मन्त्रालयको समन्वय तथा सहयोगमा एकाइले यस कार्यविधिको अधीनमा रहि कार्यान्वयन गरिने कार्यक्रम, तालिम, सामाजिक कार्य लगायतका क्रियाकलाप सञ्चालन गर्नेछ।

परिच्छेद ३

<u>लक्षित वर्ग, कार्यक्रम कार्यान्वयन संयन्त्र सम्बन्धी व्यवस्था</u>

५. <u>लक्षित वर्ग:</u> (१) कोशी प्रदेश अन्तर्गतका जिल्लामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा ९ देखि १२ कक्षा सम्म अध्ययनरत किशोर किशोरीलाई लक्षित गरी यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम, तालिम तथा क्रियाकलाप सञ्चालन हुनेछन्।

(२) उपदफा (१) बमोजिम लक्षित वर्गका लागि कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तह, संघसंस्था तथा व्यक्ति, विद्यालय, सरकारी निकायलाई सहयोगीका रुपमा परिचालन वा क्रियाशील गराउन सकिनेछ।

६. <u>निर्देशक समिति सम्बन्धी व्यवस्था:</u> (१) कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गर्न देहायका सदस्य रहेको एक निर्देशक समिति रहनेछ।

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) प्रमुख सचिव वा निजले तोकेको प्रदेश सचिव -सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ङ) संयोजकले मनोनयन गरेको एक महिला सहित दुई जना विज्ञ प्रतिनिधि -सदस्य

(च) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा अन्य सरकारी र गैर सरकारी निकायका कुनै प्रतिनिधि कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ। समितिको प्रशासनिक खर्च तथा बैठक भत्ताको व्यवस्था प्रचलित कानून बमोजिम हुने गरी मन्त्रालयले गर्नेछ।

७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालनको लागि वार्षिक क्रियाकलाप र कार्ययोजना स्वीकृत गर्ने,

(ख) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा यसको प्रभावकारिता, गुणस्तरीयता कायम गर्ने सम्बन्धित संयन्त्रहरूलाई आवश्यक निर्देशन, सुझाव, सल्लाह दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) कार्यक्रमको अवधारणा अनुसार गुणस्तरीय रुपमा कार्यक्रम सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने,

(घ) मन्त्रालयको सिफारिसमा समन्वय एकाई निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको नियुक्ति गर्ने,

(ङ) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिएका कार्यहरू गर्ने।

८. **कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिः** (१) निर्देशक समितिले गरेका निर्णय कार्यान्वयन गरी कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न देहायको एक कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समिति हुनेछ।

| | | |
|---|---|---|
| (क) | प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -संयोजक |
| (ख) | प्रमुख, कोशी प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (ग) | सशस्त्र प्रहरी प्रमुख, सशस्त्र प्रहरी बल, प्रदेश प्रमुख | -सदस्य |
| (घ) | राष्ट्रिय अनुसन्धान प्रमुख, कोशी प्रदेश | -सदस्य |
| (ङ) | महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (च) | महाशाखा प्रमुख, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (छ) | निर्देशक कार्यक्रम समन्वय एकाई | -सदस्य |
| (ज) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अधिकृतस्तरका प्रतिनिधि | -सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(झ) कार्यक्रमको सम्पर्क व्यक्ति (Focal Person), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा सुरक्षा निकाय लगायत विभिन्न क्षेत्रका सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ। समितिको प्रशासनिक खर्च तथा बैठक भत्ताको व्यवस्था प्रचलित कानून बमोजिम हुने गरी मन्त्रालयले गर्नेछ।

९. <u>कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u>

(क) निर्देशक समितिले स्वीकृत गरेका वार्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ख) कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मातहतको एकाई तथा समितिलाई आवश्यक सहजीकरण गर्ने,

(ग) जिल्ला संयोजक, सह-संयोजकको कार्यालय व्यवस्थापन र परिचालनका सम्बन्धमा जिल्ला खेलकुद विकास समितिसँग समन्वय गर्ने,

(घ) निर्देशक, जिल्ला संयोजक र सह-संयोजकको काम, कर्तव्य र जिम्मेवारी निर्धारण गर्ने,

(ङ) कार्यक्रमको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने।

१०. <u>कार्यक्रम समन्वय एकाई गठन तथा कार्यक्रम निर्देशक सम्बन्धी व्यवस्थाः</u>

(१) कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयमा एक कार्यक्रम समन्वय एकाई गठन गरिनेछ। एकाईले यस कार्यविधि अनुसार कार्यक्रमको

सचिवालयको कार्य गर्नेछ। जिल्ला तथा स्थानीय तह तथा सम्बन्धित संघसंस्थाहरूसँग सहकार्यमा गरिने कार्यको सञ्चालन, व्यवस्थापन र समन्वयको मुख्य जिम्मेवार संरचनाका रूपमा भूमिका निर्वाह गर्नेछ।

(२) मन्त्रालयले दफा १२ को उपदफा (२) बमोजिमको छनौट समितिको सिफारिसमा समन्वय एकाईको प्रमुखको रूपमा एकजना निर्देशक नियुक्ति गर्नेछ। समन्वय एकाईका लागि मन्त्रालयले कम्तीमा अधिकृतस्तरको एकजना कर्मचारीलाई समेत सम्पर्क व्यक्ति (Focal Person) को रुपमा तोक्नेछ। सम्पर्क व्यक्तिले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) कार्यक्रम समन्वय एकाईको निर्देशकलाई अधिकृतस्तर नवौं तह वा सो सरहको सुरु तलब स्केल बराबरको पारिश्रमिक र अनुसूची-१ बमोजिमको सुविधा उपलब्ध हुनेछ।

(४) कार्यक्रम समन्वय एकाईका निर्देशकको काम, कर्तव्य, अधिकार यस कार्यविधिमा लेखिए बाहेक अन्य जिम्मेवारी कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिले निर्धारण गरे बमोजिमको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

११. <u>जिल्ला संयोजक र सह-संयोजक सम्बन्धी व्यवस्था:</u> (१) बजेटको सीमा तथा कार्यक्रमको प्रकृति र अवधिको आधारमा कार्यक्रम समन्वय एकाई अन्तर्गत तराई तथा भित्री मधेसका जिल्लामा एकजना जिल्ला संयोजक र एक जना सह-संयोजक तथा पहाडी र हिमाली जिल्लाहरूमा एक जना जिल्ला संयोजक रहनेछन्

(२) जिल्ला संयोजक र सह-संयोजक नियुक्ति सम्बन्धी व्यवस्था दफा १२ र दफा १३ बमोजिम हुनेछ।

(३) जिल्ला संयोजकको पारिश्रमिक प्रदेश निजामती सेवाको सहायकस्तर पाँचौं वा सो सरहको कर्मचारीको सुरु तलब स्केल र सह-संयोजकको पारिश्रमिक सहायकस्तर चौथो वा सो सरहको सुरु तलब स्केल बराबर हुने गरी सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ। जिल्ला संयोजक र सह-संयोजकको अन्य सेवा सर्त, काम, कर्तव्य र अधिकार यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र सोको अतिरिक्त कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिले तोके बमोजिम हुनेछ।

(४) कार्यक्रम संचालन हुने जिल्लाको जनसंख्या, भौगोलिक विकटता लगायत विषयलाई मध्यनजर गरी आवश्यकता अनुसार यस कार्यविधिको प्रकृया अवलम्बन गरी मन्त्रालयले थप जिल्ला सह-संयोजक नियुक्ति गर्न सक्नेछ।

१२. <u>कार्यक्रम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको योग्यता र नियुक्ति:</u> (१) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यक्रम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजक पदमा नियुक्त हुन सक्नेछः-

(क) कार्यक्रम समन्वय एकाई निर्देशकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी लागु औषध वा विपद् व्यवस्थापन वा बाल अधिकार वा सामाजिक क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको; जिल्ला संयोजकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उपाधि प्राप्त गरी लागु औषध वा विपद् व्यवस्थापन वा बाल अधिकार वा सामाजिक क्षेत्रमा कम्तीमा तीन वर्ष अनुभव प्राप्त गरेको; सह-संयोजकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसईई वा सो सरहको उपाधि प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

गरी लागु औषध वा विपद् व्यवस्थापन वा बाल अधिकार वा सामाजिक क्षेत्रमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको,

(ख) एकाइस बर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको।

(२) कार्यक्रम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक र सह-संयोजकको नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -संयोजक |
| (ख) आन्तरिक मामिला तथा कानून मन्त्रीले तोकेको विज्ञ प्रतिनिधि | -सदस्य |
| (ग) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (घ) निर्देशक, कार्यक्रम समन्वय एकाई | -सदस्य सचिव |

तर कार्यक्रम निर्देशकको नियुक्तिको सिफारिसका सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रशासन तथा योजना महाशाखा प्रमुखले सदस्य सचिवको भूमिका निर्वाह गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको छनौट समितिको सचिवालयको काम मन्त्रालयको एकाईले गर्नेछ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको रुपमा काम गर्न योग्यता प्राप्त इच्छुक व्यक्तिलाई आवेदनका लागि कम्तीमा सात दिनको म्याद दिई मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र इच्छुक उम्मेद्वारले मन्त्रालयमा सूचनामा माग भए बमोजिमका कागजातहरूको प्रतिलिपि सहित निवेदन पेस गर्नु पर्नेछ। तर समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजक मध्ये कुन पदमा काम गर्न चाहेको सो खुल्ने गरी एउटा पदमा मात्र निवेदन पेस गर्नु पर्नेछ र जिल्ला संयोजक तथा सह-संयोजकले निवेदन दिँदा कार्य गर्न चाहेको जिल्ला खुलाउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमका उम्मेद्वारहरूबाट समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजक छनौटका लागि छनौट समितिले दफा १३ बमोजिमको छनौट विधि अपनाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको छनौटबाट योग्यताक्रममा अगाडि रहेका उम्मेदवारहरूमध्येबाट छनौट समितिले एक पदको लागि उपलब्ध भएसम्म तीन जनासम्म उम्मेदवारको नाम नियुक्ति लागि निर्देशक समिति समक्ष सिफारिस गर्नेछ र त्यसरी सिफारिस गर्दा सम्बन्धित जिल्लाको उम्मेदवारलाई सो जिल्लाको जिल्ला संयोजक तथा सह-संयोजकको सिफारिस गर्न प्राथमिकता दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस भएका उम्मेदवारहरूबाट मन्त्रालयले एक जना समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकमा नियुक्त गर्न सक्नेछ।

(९) समन्वय एकाईको निर्देशकले आन्तरिक मामिला तथा कानून मन्त्रीको रोहवरमा मन्त्रालयको सचिवसँग सम्झौता गर्नु पर्नेछ। जिल्ला संयोजक तथा सह-संयोजकले मन्त्रालयको सचिवसँग सम्झौता गर्नेछन् र त्यस्तो सम्झौता प्रत्येक आर्थिक वर्षमा सोही आर्थिक वर्षका लागि अवधि, कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिले तोकेको काम, कर्तव्य तथा

मन्त्रालयले निक्यौल गरेका कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक कार्य नगरेमा वा बरबुझारथ नगरेमा निजले प्राप्त गर्ने पारिश्रमिक भुक्तानी नगरिने जस्ता सर्त खुलाउनु पर्नेछ।

(१०) कार्यक्रम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकले प्रचलित निजामती कर्मचारी सम्बन्धी कानूनले तोकेका आचरण पालना गर्नु पर्नेछ।

(११) देहायको अवस्थामा समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको पद रिक्त हुनेछः-

(क) यस कार्यविधि बमोजिमको योग्यता नपुगेको ठहर भएमा, वा

(ख) लिखित रूपमा दिएको राजिनामा स्वीकृत भएमा, वा

(ग) मृत्यु भएमा, वा

(घ) सम्झौतामा उल्लिखित कार्यसम्पादन सन्तोषजनक नभएमा वा सर्त उल्लङ्घन गरी आचरण विपरित कार्य गरी दफा ८ बमोजिमको समितिको निर्णय अनुसार हटाइएमा, वा

(ङ) सम्झौताको अवधि समाप्त भएमा।

(१२) उपदफा (११) बमोजिम समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकको कार्यसम्पादन सन्तोषजनक नभएमा वा सम्झौताको सर्त र आचरणको पटक पटक उल्लंघन गरेको देखिएमा कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिले जुनसुकै बखत समन्वय एकाईको निर्देशक तथा जिल्ला खेलकुद विकास समितिको कार्यालय र निर्देशकको सिफारिसमा जिल्ला संयोजक तथा सह-संयोजकलाई हटाउन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सक्नेछ। त्यसरी हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(१३) समन्वय एकाईको निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजक मन्त्रालय प्रति उत्तरदायी भई कार्यसम्पादन गर्नुपर्नेछ।

१३. <u>कार्यक्रम निर्देशक र जिल्ला संयोजक तथा सह-संयोजक छनौट विधिः</u> (१) कार्यक्रम निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजक छनौट गर्दा देहायका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई योग्यताक्रमको आधारमा छनौट समितिले नियुक्तिका लागि निर्देशन तथा अनुगमन समितिमा सिफारिस गर्नेछः-

(क) न्यूनतम शैक्षिक योग्यता बापत : २० अङ्क

(ख) काम गरेको अनुभव बापत : १५ अङ्क

(ग) कार्यपत्र प्रस्तुति बापत : १५ अङ्क

(घ) अन्तर्वार्ता बापत : ५० अङ्क

(२) उपदफा (१) बमोजिमको अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) न्यूनतम आवश्यक शैक्षिक योग्यतामा रहेको शैक्षिक उपाधि बापत २० अङ्क

(ख) काम गरेको अनुभव बापत प्रतिवर्ष १ अङ्कका दरले बढीमा १५ अङ्क

(ग) अन्तर्वार्ता बापतको अङ्क दिँदा उम्मेदवारको ज्ञान, क्षमता, व्यक्तित्व समेतको आधारमा बढीमा देहाय बमोजिमको अङ्क दिइनेछः-

(१) विषयवस्तुको ज्ञान बापतः २० अङ्क

(२) विषयवस्तुको प्रस्तुति बापत : १५ अङ्क

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(३) व्यक्तित्व बापत : १५ अङ्क

(३) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दाबढी वा चालिस प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ।

(४) उम्मेद्वारको छनौट गर्दा समावेशी सिद्धान्तलाई मध्यनजर गर्नु पर्नेछ।

१४. <u>स्थानीय तहस्तरीय समन्वय तथा सहजीकरण समितिः</u> (१) स्थानीय तहमा कार्यक्रमलाई समन्वय तथा सहजीकरण गर्न सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक समन्वय तथा सहजीकरण समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिकाको प्रमुख वा अध्यक्ष | -अध्यक्ष |
| (ख) | उपप्रमुख/उपाध्यक्ष | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटीको प्रतिनिधि | -सदस्य |
| (च) | पालिका स्तरीय बाल सञ्जालबाट प्रमुख वा अध्यक्षले तोकेका दुई जना | -सदस्य |
| (छ) | किशोर किशोरी समूहबाट अध्यक्षले तोकेको एक जना | -सदस्य |
| (ज) | लागु औषध विरुद्ध काम गर्ने अभियन्ता वा सो सम्बन्धी कार्य गर्ने संस्थाका प्रमुखवा अध्यक्षले तोकेको दुई जना | -सदस्य |

(झ) विद्यालयका प्रध्यानाध्यक मध्येबाट अध्यक्षले तोकेको तीन जना -सदस्य

(ञ) स्थानीय गैरसरकारी संस्थाबाट अध्यक्षले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ट) स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

(ठ) महिला,बालबालिका तथा जेष्ठ नागरिक महाशाखा/शाखा प्रमुख -सदस्य

(ड) शिक्षा महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आफ्नो क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग र समन्वय गर्नेछ। यस सम्बन्धी अन्य विषय एकाईले निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>विद्यालय तहको कार्यक्रम कार्यान्वयन समितिः</u> (१) वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही एकाइले विद्यालयसँग समन्वय गरी यस कार्यविधि बमोजिम कुनै विद्यालयमा कार्यक्रम गर्नु पर्ने गरी कार्ययोजना तयार गरेमा त्यस्ता कोशी प्रदेशका सामुदायिक तथा संस्थागत विद्यालयमा एक सगरमाथा टिन्स क्लव गठन गरी कार्यक्रम सञ्चालन गर्न/गराउन सम्बन्धित विद्यालयमा प्रधानाध्यापकको संयोजकत्वमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ।

(क) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -संयोजक

(ख) महिला शिक्षक (जेन्डर फोकल पर्सन) एक जना -सदस्य

(ग) विद्यालयमा गठित किशोर किशोरी क्लबबाट संयोजकले तोकेको दुई जना -सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) अभिभावक मध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(ङ) जिल्ला संयोजक/सह संयोजक -सदस्य

(च) शिक्षक नायक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले विद्यालयमा सगरमाथा टिन्स क्लब गठन गरी कार्यक्रमहरू सञ्चालन गर्ने, गराउनेछ। यस सम्बन्धी अन्य व्यवस्था एकाईले निर्धारण गरेबमोजिम हुनेछ।

१६. **सगरमाथा टिन्स क्लब (एसटीसी) गठनः** (१) यस कार्यविधि बमोजिम गठन हुने क्लबमा कोशी प्रदेशभित्रका विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीहरूले आफूहरू मध्येबाट छनौट गरेका देहाय बमोजिमका सदस्य रहेको एक टिन्स क्लब गठन हुनेछ।

(क) अध्यक्षः एक जना

(ख) उपाध्यक्षः दुई जना (छात्र, छात्रा)

(ग) सचिवः एक जना

(घ) कोषाध्यक्षः एक जना

(ङ) सदस्यः दश जना (समावेशी रुपमा)

(२) टिन्स क्लबको काम, कर्तव्य र अधिकार विद्यालयसँग समन्वय गरी एकाईले निर्धारण गरे बमोजिम हुनेछ।

(३) क्लबले विद्यार्थीहरूको रुचि र क्षमता अनुसार उपयुक्त ठानिएका विषयमा उपसमिति बनाई जिम्मेवारी तोक्न सक्नेछ।

१७. **सगरमाथा टिन्स क्लबको काम, कर्तव्य र अधिकारः** एकाईले निर्धारण गरे बाहेक सगरमाथा टिन्स क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) किशोर किशोरीहरूलाई शैक्षिक सचेतना कार्यक्रम सञ्चालन गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ख) क्लबको आवश्यकता अनुसार नियमित बैठक बस्ने र साप्ताहिक, मासिक तथा वार्षिक कार्ययोजना तयार गर्ने,

(ग) क्लबले सञ्चालन गरेका गतिविधिहरूको अभिलेख राखी सूचना पाटीमा टाँस गर्ने,

(घ) विद्यालय स्तरमा भएका किशोर किशोरीहरूको समस्या पहिचान गरी त्यसका समाधानका लागि सम्बन्धित निकायमा जानकारी गराउने र शैक्षिक अभियान कार्यक्रम सञ्चालन गर्न उत्प्रेरणा जगाउने,

(ङ) किशोर किशोरी माथी हुने हिंसा, दुर्व्यवहार, शोषण, विभेद, बालविवाह जस्ता विसंगतिपूर्ण क्रियाकलापहरू रोक्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(च) विद्यालय व्यवस्थापन तथा स्थानीय सरोकारवाला संयन्त्रसँग क्लबको संस्थागत विकासका लागि समन्वय तथा सम्बन्ध विस्तार गर्ने,

(छ) किशोर किशोरीहरूको आफूभित्र रहेको प्रतिभा, खुबीलाई उजागर गर्न तथा लागु पदार्थ दुर्व्यसन, चेलीबेटी बेचबिखनको विरुद्धको अभियान, सामाजिक क्रियाकलाप, प्राकृतिक प्रकोप जस्ता सचेतनामूलक कार्यक्रमहरू गर्ने, चित्रकला प्रतियोगिता, वक्तृत्वकला, वादविवाद, हाजिरी जवाफ, निबन्ध, खेलकुद, कविता लेखन, गीत संगीत, नाटक, अन्तरक्रिया, वृत्तचित्र, सकारात्मक सन्देशमूलक र्‍याली तथा जुलुस, फोटो प्रदर्शनी, भित्तेलेखन, पम्प्लेट, पर्चा, पोस्टर वितरणका कार्यहरू गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गर्ने,

(झ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेका सन्देशमूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक विषयहरूमा विद्यालय तहमा कार्यक्रम सञ्चालन गर्न मन्त्रालयहरूसँग अनुरोध गर्ने,

(ञ) सामाजिक क्रियाकलापहरूमा सहभागिता जनाउने।

परिच्छेद-४

## विविध

१८. <u>जिल्ला संयोजक तथा सह-संयोजकको कार्यालय सम्बन्धी व्यवस्था:</u> (१) जिल्ला संयोजक तथा सह-संयोजकको कार्यालय सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यालय हुनेछ।

(२) जिल्ला संयोजक तथा सह-संयोजकले सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा प्रचलित कानुन बमोजिमको हाजिर गरी मन्त्रालय सँगको सम्झौतामा उल्लिखित काम, कर्तव्य र निर्देशन अनुसारका काम, कर्तव्य निर्वाह गर्नु पर्नेछ।

(३) जिल्ला संयोजक तथा सह-संयोजकले मन्त्रालय, कार्यक्रम कार्यान्वयन ईकाइको निर्देशक, सम्पर्क व्यक्ति र सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख प्रति उत्तरदायी भई कार्यसम्पादन गर्नु पर्नेछ।

१९. <u>जिल्ला खेलकुद विकास समितिको कार्यालयको भूमिका:</u> यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने सम्बन्धमा जिल्ला खेलकुद विकास समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(ख) जिल्ला संयोजक, सह-संयोजकलाई कार्यालयमा हाजिरी गराई सोको जानकारी कार्यक्रम कार्यान्वयन एकाईमा पठाउने,

(ग) जिल्ला संयोजक, सह-संयोजकको सम्झौतामा उल्लिखित बिदाहरू कार्यालय प्रमुखको सिफारिसमा कार्यक्रम निर्देशकबाट स्वीकृत गराई सोको अभिलेख कार्यालयमा राख्ने,

(घ) कार्यक्रमको सम्बन्धमा प्राप्त बार्षिक बजेट तथा कार्यक्रम प्रचलित कानून बमोजिम खर्च गरी लेखापालन गर्ने तथा सोको प्रगति प्रतिवेदन कार्यक्रम समन्वय ईकाइमा पठाउने,

(ङ) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा सुझाव भए मन्त्रालयलाई सो सुझाव प्रदान गर्ने,

(च) जिल्ला संयोजक, सह-संयोजकको कार्यकक्ष व्यवस्थापन लगायतमा सहयोग गर्ने,

(छ) कार्यक्रमको सम्बन्धमा मन्त्रालयको निर्देशनको पालना गर्ने।

२०. <u>बजेट लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u> (१) एकाईले मन्त्रालयको नीति तथा कार्यक्रममा बजेटको प्रस्ताव गरी विनियोजित बजेटबाट कार्यविधिको उद्देश्य पूर्ति गर्न कार्यक्रम सञ्चालन गरी प्रचलित ऐन कानूनको अधीनमा रही रकम खर्च गर्ने तथा अभिलेख राख्ने लगायतका कार्य गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गरेका सम्बन्धित जिल्ला खेलकुद विकास समिति र सम्बन्धित विद्यालयलाई मन्त्रालयले आवश्यकता र औचित्यता हेरी कार्य सञ्चालन खर्च उपलब्ध गराउनेछ।

(३) कार्यक्रम कार्यान्वयनको लेखा तथा लेखापरीक्षण प्रचलित कानूनको पालना गरी एकाईले लेखा उत्तरदायी पदाधिकारीको समेत जिम्मेवारी पूरा गर्नु पर्नेछ। मितव्ययिता तथा कार्यक्रमको औचित्यता विचार गरी प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने गरी कार्यक्रमको खर्च गर्न पाइने छैन।

२१. **कार्यविधिमा संशोधनः** यो कार्यविधि प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

२२. **प्रतिवेदन दिनु पर्नेः** यस कार्यविधि बमोजिम नियुक्त भई कार्य गर्ने कार्यक्रम निर्देशक, जिल्ला संयोजक तथा सह-संयोजकले कार्यक्रम कार्यान्वयन बजेट खर्च लगायतका विवरण संलग्न गरी प्रगति विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ त्यस्तो प्रतिवेदन निर्देशक समितिमा छलफल गरिनेछ।

२३. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले यो कार्यविधिको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

(दफा १० को कार्यक्रम निर्देशकको सुविधासँग सम्बन्धित)

| सि. नं. | सुविधाको किसिम | दर | उपलब्ध हुने माध्यम |
|---|---|---|---|
| १. | सञ्चार सुविधा | प्रति महिना रु. १००० | मासिक नगद |
| २. | घर भाडा | प्रति महिना रु. १५०००<br>निजले काम गर्ने स्थानमा निजको कुनै आवास नभएमा मात्र यस्तो सुबिधा प्राप्त हुने। | मासिक नगद |
| ३. | हलुका सवारी साधन | थान १ उपलब्ध गराउने, उपलब्ध नभएसम्म मन्त्रालयले कार्यसम्पादन सूचक निर्धारण गरी रु.१००००।- सम्म मासिक यातायात खर्च उपलब्ध गराउने। | यातायात खर्च बापतको रकम मासिक नगद |
| ४. | सवारी ईन्धन (डिजेल/ पेट्रोल) | ७० लिटर<br>मन्त्रालयले सवारी साधनको व्यवस्था गरेमा प्रकरण ३ बमोजिमको सुबिधा बाहेक गरी। | सवारी साधन उपलब्ध भएपछि सक्कल बिल,लगबुक पेस गरेको आधारमा |
| ५. | अतिथि सत्कार | प्रति महिना रु. ३००० | मासिक नगद |

स्वीकृत मितिः- २०८३/०४/०१

आज्ञाले,

कृष्ण प्रसाद सापकोटा

प्रदेश सचिव



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
Website: moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश